लुङग्री गाउँकार्यपालिकाको बैठक मितिः २०८१/०२/२२ बैठक संख्याः १८

## संवत् २०८१ साल जेठ २२ गते बसेको कार्यपालिकाको १८औं बैठकका निर्णयहरु:

**बैठकका प्रस्तावहरू:**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. चालू आ.व. २०८०/०८१ को बजेट संशोधन तथा रकमान्तर सम्बन्धमा।
४. विविध सम्बन्धमा।

**बैठकका निर्णयहरु:**

१. अघिल्लो कार्यपालिका बैठकमा गरिएका निर्णय उपर छलफल गरि समीक्षा गरियो।

२. **आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमाः** लुङग्री गाउँपालिका दोस्रो गाउँसभाको १६ औं अधिवेशनको बैठक संख्या १ मिति २०८१/०२/२७ गते प्रस्तुत गरिने नीति तथा कार्यक्रमको मस्यौदा उपर छलफल गर्ने र उक्त नीति तथा कार्यक्रमको देहाय बमोजिम सुझाव संकलन समिति गठन गर्नेः

| | | |
|---|---|---|
| क) श्री दिल कुमारी गुरुङ, गाउँपालिका उपाध्यक्ष, | - | संयोजक |
| ख) श्री रिख बहादुर रोका, वडा अध्यक्ष, | - | सदस्य |
| ग) श्री इशा बि.क., कार्यपालिका सदस्य, | - | सदस्य |
| घ) श्री सुन्दर बहादुर घर्ती, रोजगार संयोजक, | - | सदस्य |
| ङ) श्री आदर्श के.सी., योजना शाखा प्रमुख, | - | सदस्य सचिव |

३. **चालू आ.व. २०८०/०८१ को बजेट संशोधन तथा रकमान्तर सम्बन्धमाः** लुङग्री गाउँपालिकाको आ.व. २०८०/०८१ को ,गाउँसभाबाट पारित भएको "विनियोजन ऐन, २०८० दोस्रो संशोधन" गाउँसभामा पेश गर्ने।

४. **विविध सम्बन्धमाः** देहायका विविध विषयहरूमा निर्णय गरियो।

क) **लोकसेवा कक्षा संचालन सम्बन्धमाः** लुङग्री गाउँपालिकाको गाउँसभा बाट विनियोजन लोकसेवा कक्षा संचालन बजेट शीर्षकबाट खर्च हुने गरी लोकसेवा तयारी कक्षा संचालन लागि लुङग्री गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने।

ख) **स्थानीय प्रजनन स्वास्थ्य समन्वय समिति गठन सम्बन्धमाः** स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशको *"पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह र जिल्ला घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड, २०८०"* अनुसार पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह घोषणा तथा यसको सुनिश्चितताका लागि स्थानीय प्रजनन स्वास्थ्य समन्वय समिति देहाय बमोजिम गठन गर्नेः

देहायः

| | | |
|---|---|---|
| क) श्री भरत कुमार थापा, गाउँपालिका अध्यक्ष, | - | संयोजक |
| ख) श्री विरबल खड्का, सामाजिक विकास संयोजक, | - | सदस्य |
| ग) श्री जीत बहादुर परियार, प्रमुख प्रशासकीय अधिकृत, | - | सदस्य |
| घ) श्री गौना बिष्ट, कार्यपालिका सदस्य, | - | सदस्य |
| ङ) श्री दिपा कुमारी बिष्ट, स्वास्थ्य सह-संयोजक, | - | सदस्य |
| च) श्री भेष बहादुर बिष्ट, शिक्षा शाखा प्रमुख, | - | सदस्य |

लुङग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वडाचौर,रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था.:२०७३

जीत बहादुर परियार (प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा गा.पा.अध्यक्ष

छ) श्री सरस्वती रोका, स्वास्थ्य चौकी इन्चार्ज, - सदस्य
ज) श्री कल्पना सुवेदी, सहायक महिला विकास निरीक्षक, - सदस्य
झ) श्री लेपेन्द्र बहादुर बुढाथोकी, स्वास्थ्य संयोजक, - सदस्य सचिव
ञ) श्री आसाराम चौधरी, गै.स.स. प्रतिनिधि, - आमन्त्रित

ग) **रिरिपको डढेलोको राहत खर्च अनुमोदन गर्ने सम्बन्धमाः** लुङ्ग्री गाउँपालिका वडा नं १ रिरिप बस्तीमा भएको आगलागीको तत्काल वितरण भएको राहत सामग्रीको खर्च प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने।

घ) **विश्व वातावरण दिवस मनाउने सम्बन्धमाः** मिति २०८१/०२/२३ गते पर्न गएको विश्व वातावरण दिवस प्रत्येक वडामा र्‍याली सहित औपचारिक कार्यक्रम र सरसफाइ कार्यक्रम गरी मनाउने।

ङ) **१९ गतेको हावाहुरीको क्षति सम्बन्धमाः** मिति २०८१/०२/१९ गते गएको हावाहुरीबाट भएको क्षतिको प्रहरी मुचुल्का र क्षतिको आधारमा आर्थिक सहयोग गर्ने।

च) **अध्यक्ष कप खेलकुद प्रतियोगिता सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाद्वारा मिति २०८१/०१/०२ गते देखि २०८१/०१/०६ गतेसम्म संचालन भएको अध्यक्ष कप खेलकुद प्रतियोगितामा प्रत्येक वडाको सहभागिताको लागि विविध खर्च र खेलकुद प्रतियोगिता संचालनको क्रममा भएको बाँकी खर्च भुक्तानी दिने।

छ) **Medic Mobile तालिमको लागि बजेट विनियोजन सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको स्वास्थ्य संस्थागत सुत्केरी सुदृढीकरण तथा सूचना प्रणाली व्यवस्थापन गर्न Medic Mobile तालिम संचालन लागि कर्मचारी तालिम खर्च शीर्षकबाट रु. १,०७,०००।०० (अक्षरेपी एक लाख सात हजार मात्र) भुक्तानी हुने गरी तालिम संचालनका गर्न स्वास्थ्य संयोजक श्री लेपेन्द्र बहादुर बुढाथोकीलाई जिम्मेवारी तोक्ने।

ज) **कार्यविधि पारित सम्बन्धमाः** देहायको विधान र कार्यविधि पारित गर्ने।
क) लुङ्ग्री गाउँपालिकाको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको विधान, २०८१ (नमुना)
ख) लुङरी प्रज्ञा प्रतिष्ठान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

झ) **कार्यविधि संशोधन सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०७७ देहाय बमोजिम संशोधन गर्ने।

| संशोधन/थप गर्नुपर्ने प्रावधान |
|---|
| दफा ६ को उपदफा १ मा एम्बुलेन्स संचालक समितिको सदस्य सचिवले एम्बुलेन्स संचालक समितिको सम्पर्क व्यक्तिको रूपमा कार्य सम्पादन गर्नुपर्नेछ । |
| दफा ८ को उपदफा (२) मा चालकले उपदफा (१) बमोजिम पाउने पारिश्रमिक बाहेक जिल्ला बाहिर एम्बुलेन्स सञ्चालन भएको अवधिमा सःशुल्क र निःशुल्क प्रति ट्रिप हुन आउने रकमको १५ प्रतिशत थप भत्ता खाजा खाना तथा आवास खर्च बापत पाउनेछ |
| दफा १२ को उपदफा (२) मा थप गर्ने सेवाग्राहीले पाउने निःशुल्क सेवा उपलब्ध गराए बापत गाउँपालिकाको सञ्चित कोषबाट रकमान्तर गरी एम्बुलेन्स कोषमा दाखिला गर्ने। |

निर्णय प्रमाणित गरिएको छ।

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष

लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था.:२०७३